Australian Government

# रक्षा बन्धन (राखी)
## जैविक सुरक्षा
मे 2024




## जैविक सुरक्षा सम्बन्धी महत्त्वपूर्ण जानकारी

विदेशबाट आउने खाद्य पदार्थ, वनस्पतिजन्य सामग्री र पशुजन्य उत्पादनहरूले अष्ट्रेलियामा संसारका केही सबैभन्दा हानिकारक कीट र रोगहरू ल्याउन सक्छन्। यसले हाम्रो अद्वितीय वातावरण र बहुमूल्य कृषि र पर्यटन उद्योगहरूलाई नष्ट गर्न सक्छ।

यदि तपाईं विदेशबाट आउँदै हुनुहुन्छ वा विदेशी आगन्तुकहरूको अपेक्षा गर्दै हुनुहुन्छ भने, तपाईं, तपाईंको परिवार र आगन्तुकहरूले अष्ट्रेलियाको कडा जैविक सुरक्षा सम्बन्धी कानूनहरूबारे सचेत रहन महत्त्वपूर्ण छ।

यदि तपाईं हुलाक मार्फत रक्षा बन्धनका उपहारहरूको अपेक्षा गर्दै हुनुहुन्छ भने, आफ्नो विदेशमा रहेका परिवार र साथीहरूलाई तपाईंलाई सामान पठाउनु अघि उत्पादनहरूलाई अष्ट्रेलिया पठाउन अनुमति दिइएको छ वा छैन भन्ने जाँच गर्न लगाउनुहोस्। सीमामा मूल्याङ्कन गर्नको निम्ति हुलाकबाट पठाइएका सबै सामग्रीहरूको घोषणा पत्रमा सही रूपमा सूचीबद्ध हुनुपर्छ।

## अष्ट्रेलियामा जैविक सुरक्षाका जोखिम भएका सामानहरू प्रवेश गर्नबाट हामी कसरी रोक्छौँ

अष्ट्रेलियामा कीट र रोगहरू ल्याउन सक्ने वस्तुहरू पहिचान गर्न सामान तथा अन्तर्राष्ट्रिय हुलाकहरूको मूल्याङ्कन गरिन्छ। यसमा जैविक सुरक्षा अधिकारी (बायोसेक्युरिटी अफिसर)ले यात्रुहरूलाई प्रश्न गर्ने, वा एक्स-रे,
जासूसी कुकुरहरू प्रयोग गर्ने र/वा सामानहरूको भौतिक निरीक्षण गर्ने कार्यहरू समावेश हुन सक्छन्।

## जैविक सुरक्षाका जोखिम भएका उत्पादनहरू

जैविक सुरक्षाका जोखिम निम्त्याउन सक्ने रक्षा बन्धनका उपहारहरूमा निम्न समावेश छन्:

- बिउ वा फूलहरूले बनाएको राखीको धागो
- दूध बाट बनेका परम्परागत भारतीय मिठाई (मिठाई) जस्तै बर्फी, मैसूर पाक, गुलाब जामुन, रसगुल्ला, पेडा वा सोन-पापडी
- बिस्कुट, केकहरू र रोटी जसलाई फ्रिजमा भण्डारण गर्न आवश्यक पर्दछ
- नट्स
- चिया र जडीबुटीहरू
- चामल, गहुँ, दाल, चना र गेडागुडीहरू लगायतका अन्न र दालहरू।





## अष्ट्रेलियालाई कीट र रोगहरूबाट जोगाउन मद्दत गर्नुहोस्

- आफ्नो रक्षा बन्धन उपहारहरू अष्ट्रेलियामा नै खरिद गर्नुहोस्।
- अष्ट्रेलियामा उत्पादन ल्याउनु वा पठाउनु अघि, agriculture.gov.au/mailing-bringing-goods मा हेरेर अनुमति भए-नभएको जाँच गर्नुहोस्।
- आफ्नो परिवार र विदेशमा रहेका साथीहरूलाई उनीहरूले ल्याउन वा पठाउन चाहेका उपहारहरू अष्ट्रेलियामा अनुमति दिइएका छन् वा छैनन् भनी जाँच गर्न भन्नुहोस्।

## अष्ट्रेलियाको यात्रा

अष्ट्रेलियाको यात्रा गर्दा तपाईंले:

- यदि तपाईंले खाद्य पदार्थ, वनस्पतिजन्य सामग्री र पशुजन्य उत्पादनहरू ल्याउनुभएको छ भने तपाईंको आगमन यात्रु कार्डमा सत्यतापूर्वक घोषणा गर्नुहोस्। गलत वा भ्रामक जानकारी दिनु एक गम्भीर अपराध हो। तपाईंले ल्याउनुभएका वस्तुहरू घोषणा गर्न असफल हुँदा गम्भीर जरिवानाहरू हुन सक्छन्।
- तपाईंले ल्याउनुभएको कुनै पनि खाद्य पदार्थ, वनस्पतिजन्य सामग्री र पशुजन्य उत्पादनहरूका लागि "छ" चिन्ह लगाउनुहोस्।

यदि तपाईं अनिश्चित हुनुहुन्छ भने, जैविक सुरक्षा अधिकारी (बायोसेक्युरिटी अफिसर) सँग कुरा गर्न आफ्नो आगमन यात्रु कार्डमा "छ" चिन्ह लगाउनुहोस्।

जैविक सुरक्षा अधिकारी (बायोसेक्युरिटी अफिसर) द्वारा निरीक्षणको लागि तपाईंले घोषणा गर्नुभएको तपाईंको उपहारहरू सहित कुनै पनि सामानहरू झोलाको सबैभन्दा माथि राख्न आवश्यक छ।

घोषित वस्तुहरू प्रशोधन वा निर्यात गर्न (तपाईंको खर्चमा), वा नष्ट गर्न आवश्यक हुन सक्छ। जैविक सुरक्षाका जोखिम उत्पन्न नगर्ने सामानहरू तपाईंलाई फिर्ता गरिनेछन्।

यदि तपाईंले जैविक सुरक्षा अधिकारी (बायोसेक्युरिटी अफिसर) लाई वा तपाईंको आगमन यात्रु कार्डमा गलत वा भ्रामक जानकारी प्रदान गर्नुभयो भने, वा यदि तपाईं सामानको बारेमा प्रश्नहरूको जवाफ दिन वा जैविक सुरक्षा अधिकारी (बायोसेक्युरिटी अफिसर) ले दिएको निर्देशनहरू पालना गर्न असफल हुनुभयो भने, तपाईंलाई निम्न कुरा गर्न सकिन्छ:

- उल्लङ्घनको सूचना प्रदान गर्न
- नागरिक जरिवाना अनुसार कारवाही गरिन र / वा
- फौजदारी अपराधको लागि मुद्दा चलाउन।

तपाईंको प्रवेशाज्ञा पनि रद्द हुन सक्छ र, यदि यसो भएमा, तपाईंलाई अष्ट्रेलियामा प्रवेश दिन अस्वीकार गरिनेछ र तपाईं तीन वर्षसम्म अष्ट्रेलिया फर्कन सक्षम नहुन सक्नुहुन्छ। यदि तपाईंले अष्ट्रेलियामा अनुमति नभए पनि सबै सामानहरू घोषणा गर्नुभयो र देखाउनु भयो भने तपाईंलाई *जैविक सुरक्षा ऐन २०१५* अन्तर्गत दण्डित गरिने छैन।